प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कर्णाली प्रदेश

सुर्खेत

फो.नं.:-०८३-५२००८२

फ्याक्स. ०८३-५२०२७३

पत्र सं.:- २०७५/०७६

चलानी नं.:- 1003

मिति:-२०७५/१०/२०

विषय:- सूचना प्रकाशन सम्वन्धमा ।

श्री कृषि विकास निर्देशनालय,

सुर्खेत ।

श्री कृषि ज्ञान केन्द्र,

दैलेख, जाजरकोट, रुकुम पश्चिम, कालीकोट, जुम्ला, हुम्ला, डोल्पा ।

प्रस्तुत विषयमा यस मन्त्रालयको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार उच्च प्रविधियुक्त नर्सरी (Hi-tech Nursery) नर्सरी स्थापना संचालन, विस्तार र सुदृढीकरणका लागि अनुदान उपलब्ध गराउन कृषक समूह, कृषि सहकारी, कृषि फार्म/उद्यमी/कम्पनीवाट दरखास्त आव्हानको सूचना मिति २०७५/१०/२० गते प्रकाशित गरीएकोले सो सूचना यसै साथ संलग्न राखी पठाइएको छ । सो सूचनालाई सम्वन्धित कार्यालय, गाउपालिका र नगरपालीकामा जानकारीका लागि पठाई दिनुहुन अनुरोध गरीन्छ ।

उक्त सूचना सुर्खेतवाट प्रकाशित हुने सिद्धदर्शन दैनिकमा समेत प्रकाशित भएको व्यहोरा समेत अनुरोध गरिन्छ ।

.................................

हरिप्रसाद पण्डित

बरिष्ठ कृषि अर्थविज्ञ

प्रदेश सरकार
# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
## कर्णाली प्रदेश
वीरेन्द्रनगर,सुर्खेत, नेपाल

उच्च प्रविधियुक्त नर्सरी (**Hi-tech Nursery**)/नर्सरी स्थापना,संचालन, विस्तार र सुदृढीकरणका लागि अनुदान रकम उपलब्ध गराउनका लागि प्रस्ताव आव्हानको

सूचना ।　　सूचना ।।　　सूचना ।।।

**प्रथम पटक सूचना प्रकाशन मिति २०७५/१०/२०**

यस भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार उच्च प्रविधियुक्त नर्सरी (**Hi-tech Nursery**)/नर्सरी स्थापना संचालन, विस्तार र सुदृढीकरणका लागि अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा तपशिलमा उल्लिखित स्थानका इच्छुक कृषि सहकारी, कृषि फार्म, कृषि उद्यमी, कृषक समूह तथा कृषि कम्पनी बाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन भित्र मन्त्रालय, कृषि विकास निर्देशनालय, सम्बन्धित कृषि ज्ञान केन्द्र र कृषि ज्ञान केन्द्रको सम्पर्क कार्यालयमा तपशिल अनुसारको कागजातहरु एवं अनुसूची-३ अनुसार प्रस्ताव सहित आवेदन आव्हान गरिएको छ । थप जानकारीका लागि भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय, सम्बन्धित कृषि ज्ञान केन्द्र र कृषि ज्ञान केन्द्रको सम्पर्क कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

<u>तपशिलः</u>

<u>कार्यक्रम सञ्चानल हुने स्थान</u>

१. मुगुको छाँयानाथरारा गा.पा. र शोरु गा.पा. (२ वटा)
२. कालीकोट रास्कोट न.पा. र खाडाचक्र न.पा. (२ वटा)
३. जुम्लाको गुठीचौर गा.पा. र कनकासुन्दरी गा.पा. (२ वटा)
४. जाजरकोटको भेरी न.पा, र शिवालय गा .पा. (२ वटा)
५. डोल्पाको ठुलीभेरी न.पा र जगदुल्ला गा.पा. (२ वटा)
६. दैलेखको डुङ्गेश्वर गा.पा, दुल्लु न.पा., महाबु गा.पा. र ठाँटीकाध गा.पा (४ वटा)
७. रुकुम पश्चिम को मुसीकोट न.पा. र चौरजहारी न.पा. (२ वटा)
८. सुर्खेतको गुर्वाकोट न.पा. दशरथपुर, वीरेन्द्रनगर न.पा. र पञ्चपुरी न.पा (४ वटा)
९. सल्यानको कालीमाटी गा.पा / छत्रेश्वरी गा.पा. र वागचौर न.पा. (२ वटा)
१०. हुम्लाको खार्पुनाथ गा.प. र अदानचुली गा.पा (२ वटा)

<u>आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>

१. संस्था दर्ता प्रमाणपत्र र नेपाली नागरिता प्रमाण पत्रको प्रतिलिपी ।
२. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि (समुहहरुको हकमा नपर्ने) ।
३. करचुक्ता (समुहहरुको हकमा नपर्ने) र नवीकरण गरेको प्रमाण पत्रको प्रतिलिपि ।
४. हाईटेक ग्रिनहाउस, नेचुरल्ली भेण्टीलेटेड ग्रिनहाउस, एग्रीनेट हाउस, प्लाष्टिक घर र टनेल जस्ता प्रस्तावित पूर्वाधार निर्माण गर्नका लागि प्रयाप्त जमिन भएको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि
५. आफ्नो जग्गा नभएमा हाईटेक ग्रिनहाउस, नेचुरल्ली भेण्टीलेटेड ग्रिनहाउस, एग्रीनेट हाउसका लागि कम्तिमा १५ वर्षको लिजमा लएको भने प्लाष्टिक घर र टनेलको हकमा कम्तिमा ५ बर्षको लिजमा लिएको सम्झौता पत्रको प्रतिलिपि ।
६. संरचना निर्माण गरिने जमिनमा सडक, सिचाइ, विजुली लगायतको आबश्यक पूर्वाधार भए सो भएको खुल्ने कागजात।
७. आवेदकको प्रबन्धपत्र वा विद्यानको छायाप्रति ।
८. हाईटेक नर्सरी स्थापना तथा अन्य कार्यको Design, Specification परामर्शदाताबाट प्राप्त भएपछि सोही अनुसार गर्ने प्रतिवद्धता पत्र
९. हाईटेक ग्रिनहाउस, नेचुरल्ली भेण्टीलेटेड ग्रिनहाउस, एग्रीनेट हाउस, प्लाष्टिक टनेल डिजाइन तथा ले आउट एवं आपुर्तिकर्ताको कोटेशन/इष्टिमेट र आपुर्तिकर्ताको तर्फबाट १ वर्षसम्म मर्मत सम्भार एवं प्राविधिक सहयोग गर्ने प्रतिवद्धता पत्र ।
१०. समुह, सहकारीहरुको हकमा संस्थाको हाईटेक नर्सरी/नर्सरी स्थापना गर्ने निर्णयको प्रतिलिपी ।

..............................

सचिव